"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हात्तीगौडा काठमाडौं
## बागमती प्रदेश, नेपाल

प.सं. २०७७/७८
च.नं. ६४

मिति: २०७७/१२/२७

## सूचना

आ. व. ०७७।०७८ मा यस नगरपालिकालाई प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अन्तर्गत प्राप्त **आमा बाबु विहिन बालबालिका संरक्षण** कार्यक्रममा प्रति बालबालिका मासिक रु. २०००। का दरले भत्ता उपलव्ध गराउने कार्यक्रम संचालनका लागि आवेदन संकलन गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका योग्यता पुरा भएका बालबालिका वा निजको संरक्षकले आ-आफ्नो वडा कार्यालयमा देहायका कागजातहरु सहित आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता**

१. आमा र बाबु दुबैको मृत्यु भएका वा दुवै वेपत्ता भएका वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेको ।

२. १८ वर्ष उमेर पुरा नगरेका बालबालिका ।

३. ५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको ।

४. कुनै गैरकानुनी वा अपराधिक कार्यमा संलग्न नभएको ।

**आवेदनको साथमा संलग्न गर्नुपर्ने कागजातहरु**

(क) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी)

(ख) बाबु र आमा दुबैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी वा बाबु र आमा दुवै वेपत्ता भएको वा दुबैको संरक्षण र रेखदेखबाट बञ्चितीमा परेको प्रमाणित कागजात,

(ग) विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनि विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पूरा बालबालिकाको हकमा मात्र),

(घ) संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी । सम्बन्धित बालबालिकाको संरक्षक हो भनि वडा कार्यालयले दिएको सिफारिश पत्र ।

राजेन्द्र कार्की
प्रमुख प्रशासकीय अधिकृत